**प्रशासन** असोज २०७८, वर्ष ५२, अङ्क १, पूर्णाङ्क १३४, पृ. १३७-१४७
© २०७८ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://mofaga.gov.np/news-notice/2549
ISSN: 2565-5043 Print

# कोभिड-१९ महामारीमा राष्ट्रसेवक कर्मचारीको भूमिका

**जनकराज पन्त***

दसैंमा हजुरआमाले टीका लगाइदिँदै गर्दा उहाँको आशीर्वाद हेडमास्टर भएस्, सुब्बा भएस् बाबु भनेर सुरुवात हुने गर्दथ्यो । उहाँले गाउँमा हैजा फैलिँदा, आँठि आउँदा मिम (त्यो बेलाका स्वास्थ्यकर्मीलाई सम्बोधन गरिने शब्द) दबाई लिएर आउने गरेको र तिनलाई सघाउने सुब्बाको कहानी पनि धेरै सुनाउनुहुन्थ्यो। यसबाट पनि स्पष्ट हुन्छ हेडमाष्टर, सुब्बा, स्वास्थ्यकर्मी हुनु भनेको त्यतिबेलाको समाजमा निकै सम्मानित प्रतिष्ठा प्राप्त गर्नु हो । उनीहरूले महामारीमा गरेको सहयोगले हजुरआमाको मन जित्न सफल भएको समेत देखिन्छ। अर्को प्रसङ्ग, सानो छँदा म स्कुल जाने तयारी गर्दै गर्दा बुबा कार्यालय जाने तयारी गर्नुहुन्थ्यो। लाग्थ्यो त्यो बेला स्कुल जानभन्दा बढी रमाइलो कार्यालय जान हुन्छ होला । म कहिलेकाहीँ बुबाको कार्यालय जान्थैं, मालपोत कार्यालय भएर होला सायद मानिसको अत्यन्तै धेरै भिड हुन्थ्यो। आधा खुट्टा चप्पल बाहिर, केही फाटेका लुगा, टोपीका घेरा च्यातिएका मानिस किन यसरी बुबाको कार्यालय वरपर के कामले हिँडिरहेका छन् जस्तो लाग्थ्यो। अझै पनि त्यो समय ताजै लाग्छ, बुबाले ल मेरो त सरुवा भयो, अब म तीन दिन जति हिँडेर जाने ठाउँमा जानुपर्छ भनेर बाटोको लागि बन्दोबस्ती र त्यहाँ गएर पकाउन खानको लागि भाँडाकुँडाको पोको पन्तरो मिलाएको। त्यतिबेला लाग्थ्यो मलाई म बसेको ठाउँदेखि तीन दिन हिँडेर पुगिने ठाउँमा को बस्छ होला, त्यस्तो ठाउँमा पनि किन बुबाको कार्यालय खुल्यो होला। पाँच/छ महिनाको अन्तरालमा बुबा घर आउनुहुन्थ्यो। एक दिन बाल मस्तिष्कले बुवालाई एउटा प्रश्न गरेको थियो। बुबा यहाँभन्दा तीन दिन हिँडेर पुगिने ठाउँमा पनि कोही मानिस बस्छन् र? हजुरको कार्यालय त्यति टाढा किन खुलेको होला? बुबाले सहज तरिकाले उत्तर दिनुभयो, टाढा-टाढा बस्ने मानिसलाई पनि सेवा दिन सरकारी कार्यालय उनीहरूको नजिकै जानुपर्छ। बुबाको उत्तर अनि जागिर देख्दा लाग्थ्यो सरकारी कार्यालय भनेको उहाँको कार्यालयमा आउने ती आधा खुट्टा चप्पल बाहिर, केही फाटेका लुगा, टोपीका घेरा च्यातिएका मानिस र टाढा टाढा बस्ने मानिसलाई सेवा सुविधा दिन खुलेको हो

* *इन्जिनियर, नेपाल सरकार*

*इमेलः janakpant2006@gmail.com*

र कर्मचारी भनेका त्यस्ता व्यक्तिलाई सेवा दिन खटिरहेका हुन्छन्। त्यो बालापनमा नै सरकारी कार्यालय र कर्मचारीहरूको भूमिकाप्रति असाध्यै सकरात्मक विषय सुन्ने अवसर प्राप्त भएको थियो।

म अलि जान्ने बुझ्ने हुँदा बुबा सेवानिवृत्त भइसक्नु भएको थियो। आफू बुझ्ने भएपछि बुबाको माध्यमबाट नै सरकारी जागिरको बारेमा बुझ्ने कम अवसर प्राप्त भए तापनि अन्य माध्यमबाट केही जानकारी प्राप्त हुन्थ्यो। त्यो बेला सुनिन्थ्यो, सरकारी जागिर खान निकै मेहनत गर्नुपर्छ। अब्बल र सक्षम मान्छेले मात्र निकै कठिन परीक्षा पास गरी त्यहाँ प्रवेश पाउँछन्। यसका अतिरिक्त यदाकदा कर्मचारीहरूप्रति राम्रा नराम्रा टीका टिप्पणी पनि सुनिन्थे नै। गाउँघरमा टेलिभिजन भित्रिएसँगै देश विदेशका गतिविधि टेलिभिजनको पर्दामा नै देख्न थालियो। वैदेशिक रोजगारीमा गएर फर्किएका मानिसले विदेशको वर्णन गर्दा ध्यानपूर्वक सुन्ने गरिन्थ्यो। त्यतिबेला लाग्थ्यो, अन्य देशहरू कसरी विकसित भए होला, कसको कार्य, बुद्धिले त्यति सम्पन्न बन्न सके होलान्। टेलिभिजनमा देखिए जस्ता, अरुले वर्णन गरे जस्तै सबै चिज साँच्चै मानिसले नै बनाएका होलान् त, हाम्रोमा किन बनेन होलान्, हाम्रोमा कहिले बन्छन् होला? मनमा सँधै खुल्दुली हुन्थ्यो। उत्तर सोध्ने र दिने मानिसको खोजीमा म थिएँ ।

यी र यस्ता जिज्ञासा, अनुत्तरित प्रश्नका बिच स्थानीय निकाय (नपा, गाविस, जिविस), पाँच विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्लाको संरचनासहित विकेन्द्रीकरणको अनुभव मेरो पुस्ताले देख्ने भोग्ने अवसर प्राप्त गर्‍यो। यद्यपि जनप्रतिनिधिसहितको स्थानीय निकायको अभ्यास र अनुभव भने कमै प्राप्त भयो। मेरो पुस्ताले २०६२/६३ को जनआन्दोलन र त्यसपछिका विकसित घटनाक्रमलाई प्रत्यक्ष परोक्ष रूपमा देख्ने, भोग्ने अवसर प्राप्त गर्‍यो। यसैबिच देशको संविधान, राजकीय शक्ति, शासन व्यवस्था लगायतका यावत् चिजमा आमूल परिवर्तन आयो। अहिले देश सङ्घीय प्रणालीमा गएको छ। सङ्घीय शासन प्रणालीमा देश गएसँगै सङ्घीय एकाइहरूका बिच देशको राजनैतिक, प्रशासनिक, आर्थिक, न्यायिक अधिकारहरूको किटान तथा बाँडफाँट गरिएको छ। भौगोलिक, सांस्कृतिक, क्षेत्रीय, जातीय, भाषिक, धार्मिक, लैङ्गिक लगायतका विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित एवम् समानुपातिक, समावेशी र सहभागितामूलक विधिमार्फत समावेशी लोकतन्त्र निर्माण गर्नका लागि देश सङ्घीयतामा गएको विषय प्रस्तावनामा नै उल्लेखित गरी नेपालको संविधान, २०७२ जारी गरिएको छ। संविधानमा थुप्रै मौलिक हकको व्यवस्था गरिएको छ भने प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यहोरासहितको स्वास्थ्यसम्बन्धी हकको समेत व्यवस्था गरिएको छ। देशको शासकीय स्वरूपमा आएको परिवर्तनसँगै राष्ट्रसेवक कर्मचारीहरूको संस्थागत संरचनामा समेत व्यापक फेरबदल आएको छ। संविधानको धारा २८५ मा सरकारी सेवा गठनसम्बन्धी व्यवस्था रहेको छ। तीनै तहका सरकारमार्फत राष्ट्रसेवक

कर्मचारीहरू परिचालित रहेका छन्। यद्यपि सङ्घीय निजामती सेवा ऐन जारी भएपश्चात् मात्र तीन तहका सरकारबिच राष्ट्रसेवक कर्मचारीहरूको प्रशासनिक जिम्मेवारीमा स्पष्टता आउने र समग्र व्यवस्थापनमा समेत सहजता हुने देखिन्छ।

नेपालले अवलम्बन गरी राखेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनको सर्वेसर्वा नेपाली जनता नै हुन्। संविधानमा नै नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको उल्लेख गरिएको छ। संविधानमा भएको व्यवस्थाबमोजिम यसको प्रयोग कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका जस्ता संवैधानिक अङ्ग तथा निकायले गर्ने गर्दछन्। यसर्थ लोकतन्त्रमा जनताले आफ्ना लागि शासन आफैद्वारा निर्वाचित प्रतिनिधिमार्फत गराउँछन्। संविधानको लक्ष्य देशलाई दिगो शान्ति, सुशासन, विकास र समृद्धिमा पुऱ्याउने रहेको छ। संविधानको मर्म तथा जनताको चाहनाअनुसार शासन व्यवस्था सञ्चालन गर्ने मझेरीको रूपमा सार्वजनिक प्रशासन रहने गर्दछ। राज्यलाई एउटा शरीर जस्तो मानियो भने त्यस शरीरमा रहेका अङ्गहरूलाई संवैधानिक अङ्ग र निकायको रूपमा लिन सकिन्छ। जसरी सबै अङ्गहरूलाई जोडेर रक्तनली, नसाहरूले शरीरलाई चलायमान गराउँछन्। राज्य चलायमान गराउने भूमिकामा सार्वजनिक प्रशासन रहने गर्दछ। मानव शरीर तबसम्म चलायमान बन्न सक्छ, जबसम्म त्यहाँभित्र प्राणरूपी वायु हुन्छ। राज्य सञ्चालनको लागि प्राणवायु भनेको राष्ट्रसेवक कर्मचारी हुन्। यसबाट पनि राष्ट्रसेवक कर्मचारीको भूमिकाको गाम्भीर्य सहजै अनुमान गर्न सकिन्छ।

वास्तवमै सामूहिक हित प्रवर्द्धन तथा सार्वजनिक उद्देश्य प्राप्तिका लागि मानवीय स्रोत र साधनको समुचित परिचालन, समन्वय, सञ्चालन एवम् व्यवस्थापन गर्ने संयन्त्रको रूपमा सार्वजनिक प्रशासन रहने गर्दछ। सार्वजनिक प्रशासनका विज्ञले यसलाई अनेकन ढङ्गले व्याख्या विश्लेषण गरेका छन्। सार्वजनिक हित र कल्याणका निमित्त सार्वजनिक कानुनको प्रयोग गरी सरकार र अन्य शासकीय साझेदार पात्रमार्फत सञ्चालन, नियमन र प्रवर्द्धन गरिने विधिसम्मत प्रशासनलाई सार्वजनिक प्रशासनको रूपमा समेत लिने गरिएको छ। सबै तथ्य, प्रमाण, विषय, अन्तर्राष्ट्रिय अभ्यास तथा स्वयम् हाम्रो आफ्नै अभ्यास अनुभवले समेत जुन देशको सार्वजनिक प्रशासन उत्तम छ, सुशासनयुक्त छ, समग्रमा त्यस्ता राष्ट्र तथा निकायले विकास र समृद्धिका हरेक आयाममा फड्को मारिरहेका छन्। महत्त्वपूर्ण विषय र तथ्य के रहेछ भने सार्वजनिक प्रशासनका इञ्जिन भनेका राष्ट्रसेवक कर्मचारीहरू हुने रहेछन्। यसरी हेर्दा, समग्र राज्य सञ्चालन तथा सार्वजनिक प्रशासनको मेरुदण्ड भनेका राष्ट्रसेवक कर्मचारीहरू नै हुन्। यसबाट पनि राष्ट्रसेवक कर्मचारीको भूमिका समुन्नत, समृद्ध र सुसंस्कृत राष्ट्र निर्माणमा कति छ भनेर प्रस्ट हुन्छ। अर्कोतर्फ, जनतासमक्ष प्रवाह गर्नुपर्ने सेवा सुविधाहरू सरकारले प्रशासनिक संयन्त्रको परिचालनबाट गर्ने गर्दछ। राज्य र जनताबिचको सम्बन्ध अभिव्यक्त हुने माध्यम सार्वजनिक सेवा हो। सार्वजनिक सेवा प्रवाह राज्य र जनता भेट हुने सङ्गम स्थल हो भने त्यसको माध्यम अर्थात् संयोजनकर्ता भने राष्ट्रसेवक कर्मचारीहरू नै हुन्। नागरिकसँग सरोकार

राख्ने ससाना विषयमा समेत राज्य संवेदनशील हुनुले कुनै पनि देशको समृद्धि र सफलताको मापन गर्छ। महामारीको अवस्थामा हरेक नागरिकको चाहना राज्यको सार्वजनिक प्रशासन आफूप्रति संवेदनशील होस्, आफ्नो प्रत्येक विषयको ख्याल राज्यले गरिदेओस् भन्ने हुन्छ। नागरिकका ससाना कुरामा ख्याल गरिदिने जिम्मेवारी पनि राष्ट्रसेवकको नै हो।

सार्वजनिक प्रशासन भन्नेबित्तिकै सुशासन जोडिइहाल्छ। सुशासनमार्फत सबैभन्दा असल, उत्तम, जाती, वेश, राम्रो र उम्दो शासन बनाउने प्रयास गरिन्छ। शासन व्यवस्थाका सम्पूर्ण आयामहरूमा सुधारका मुद्दा समावेश गरी राज्यप्रणालीलाई बढी कानुनसम्मत, विकेन्द्रीत तथा सहभागितामूलक, पारदर्शी बनाउने प्रयासलाई सुशासनको रूपमा लिने गरिन्छ। सार्वजनिक प्रशासनमा रहेको व्यावसायिकता र सिर्जनशीलता, सार्वजनिक सेवा प्रवाहमा दक्षता र प्रभावकारिताको स्तरले सुशासनको सही अवस्थाको समेत चित्रण गर्ने गर्दछ। प्रत्येक राष्ट्रसेवकको कार्यशैलीमा सेवाभाव, निष्पक्षता, स्वच्छता, स्वार्थरहित, इमानदारी, सदाचारिता, कार्यकुशलता, जिम्मेवारीपन, पारदर्शिता, उत्तरदायित्व, समानता र समता, आदरभाव तथा न्यायिकता हुनुपर्दछ। यी र यस्ता विषय सुशासनमा राष्ट्रसेवकका ठोस चरित्र तथा पहिचान हुन्। सुशासनका पर्याय र सुशासन झल्किने भनेको राष्ट्रसेवक कर्मचारीहरूमा नै हो। महामारी लगायतका विषम परिस्थितिमा जनताले राष्ट्रसेवकको यस्तो शैलीमा बढी निखारपनको अपेक्षा गर्दछन्। सुशासनलाई जे जसरी परिभाषित गरे तापनि अन्ततोगत्वा यसको उद्देश्य हरेक नागरिकको मन मस्तिष्कमा राज्यको उपस्थिति दर्शाउने हो। मलाई केही पर्दा मसँग मेरो सरकार छ भनेर अनुभूति दिलाउनु हो। बाटोमा ठेस लाग्यो भने प्राय सबैले उच्चारण गर्ने शब्द एउटै हुन्छ "ऐया आमा!"। त्यसैगरी आपतविपद्मा प्रत्येक नागरिक, समुदायले सम्झने निकाय सरकार बन्न सक्नुपर्दछ। सरकारको उपस्थिति देखिने भनेको राष्ट्रसेवक कर्मचारीहरूमार्फत नै हो। यसर्थ राष्ट्रसेवक कर्मचारीहरू यस महामारीको घडीमा सुशासन झल्किने गरी जनसेवामा हरतरहले तल्लीन हुनुपर्दछ।

अहिलेको महामारीले हाम्रो राज्य संरचना, सार्वजनिक प्रशासनको ऐना देखाइदिएको छ। हामी कहाँ चुकिरहेका छौं? किन चुकिरहेका छौं? भनेर हेर्ने यो एकदम सही समय हो। यो चुनौती पहिलो चोटी होइन। भूकम्पका बेला पनि यस्तै चुनौती आएको थियो। भुकम्पले सिकाएका पाठ धेरै हामीले बिर्सिहाल्यौं। विपद् व्यवस्थापनमा सार्वजनिक प्रशासनमा सुधार गर्नुपर्ने धेरै विषय पहिचान भए पनि त्यो पाटो केही अधुरो नै रह्यो । कोभिड-१९ विशुद्ध स्वास्थ्य क्षेत्रसँग मात्र सम्बन्धित छैन भन्ने सबैले बुझेका छौं । यसले व्यक्तिलाई मात्र बिरामी होइन समुदाय, राज्यलाई नै सङ्कटमा पारेको छ। कोभिड-१९ ले अर्थतन्त्र, रोजगारी, शिक्षा, विकास निर्माण लगायतका क्षेत्रमा बहुआयामिक असर पार्नुका साथै सामाजिक असमानतासमेत निम्ताएको छ। कतिपय राष्ट्रले कोभिड-१९ महामारीलाई सहज रूपमा नियन्त्रण तथा

व्यवस्थापन गर्न तथा महामारीले निम्ताएका नोक्सानीलाई सहजै सामना गर्न सफल भए भने केही राष्ट्र यस विषयमा चुके। धेरै सीमितता र बाध्यता भए तापनि नेपाल धेरै हदसम्म महामारी नियन्त्रण र व्यवस्थापनमा चुकेकै मान्नुपर्दछ। यसको जिम्मेवारी सार्वजनिक प्रशासनले समेत लिनुपर्दछ र त्यो घेराभित्र राष्ट्रसेवक कर्मचारीहरूसमेत स्वतः परिहाल्छन्। देशले समृद्धिको दिशातर्फ पाइला सार्दै गर्दा, महामारी बाधकको रूपमा उभिएको छ। संविधान हुनु र संविधान भएको अनुभूति हुनु, राज्य हुनु र राज्य भएको अनुभूति हुनु फरक फरक विषय भएझैं हुनु र अनुभूति हुनु बिचको खाडल पुर्ने, महामारीको यस घडीमा शासनलाई व्यवस्थित तवरले जनतासँग जोड्ने कार्य राष्ट्रसेवक कर्मचारीहरूको हो। शिक्षा, स्वास्थ्य, खाद्यान्न, बसोबास, रोजगार, यातायात लगायत जनताको आधारभूत आवश्यकता निर्बाध रूपमा सहज, सरल र सुलभ पहुँच सुनिश्चितता तथा पूर्तिको अवस्था सिर्जना गर्ने कार्यमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू खटिनुपर्दछ। भनिन्छ, दुखमा जसले साथ दिन्छ बढी प्रिय त्यही हुन्छ। जनताको बढी प्रिय हुनका लागि परोपकारी सङ्गठनको रूपमा राष्ट्रसेवक कर्मचारीले सार्वजनिक प्रशासनलाई विकास गर्ने यो अवसरसमेत हो। त्यसको लागि यस महामारी एउटा प्रस्थानबिन्दु बन्न सक्दछ। अरुको कल्याणलाई प्राथमिकतामा राखी व्यक्तिगत स्वार्थभन्दा सामूहिक स्वार्थ, सामूहिक पहिचान र स्वीकार्यतालाई नै सङ्गठनको मूल्य ठानी यस्तो बेला कार्य गर्नुपर्दछ। राष्ट्रसेवक कर्मचारीले आफ्ना कमी कमजोरी सुधारेर जनताको मन जित्ने यो सुअवसर हो। महामारीको घडीमा राष्ट्रसेवक कर्मचारीहरू स्वयम् परिचालित हुने गरी आफूलाई सदा तयार गरी राख्नुपर्दछ। स्वयम्सेवी रूपमा आमनागरिकसमेत खटिएको अवस्थामा जनताको सेवा गर्ने नै मुख्य कार्यसर्त रहेका कर्मचारीहरू झन् बढी क्रियाशील हुन सक्नुपर्दछ।

निजामती कर्मचारीको चौबिसै घण्टा नेपाल सरकारको हुनेछ भनेर स्पष्ट रूपमा निजामती सेवा ऐनमा उल्लेख भएको छ। प्रत्येक राष्ट्रसेवक नियमित, विकासात्मक र आकस्मिक लगायतका कार्यसम्पादन गर्न सदैव तत्पर र सक्षम हुनुपर्दछ। निजामती सेवामा विभिन्न सेवा समूह रहेको छ। ती सेवा समूहमा कार्यरत हरेक व्यक्तिमा विविध दक्षता र क्षमता रहेको छ। आकस्मिक रूपमा आइपर्ने यस्ता महामारीमा उनीहरूमा रहेको विज्ञतालाई आवश्यक परेको समयमा विभिन्न तवरले उपयोग गर्न सकिन्छ। उदाहरणको लागि सार्वजनिक खरिद कार्यमा अनुभव भएका थुप्रै सरकारी निकायहरू छन्, खरिदसम्बन्धी कार्यमा त्यस्ता निकायको सहयोग लिन दिन सकिन्छ। कोभिड-१९ महामारीलाई हेर्दा क्वारेन्टिन, आइसोलेसन कक्ष जस्ता निर्माण कार्यमा प्राविधिक जनशक्तिहरूलाई परिचालन गर्न सकिन्छ, सकिन्थ्यो। राहत व्यवस्थापन, तथ्याङ्क सङ्कलन लगायतका कार्यहरूमा अन्य सेवाका कर्मचारीहरूलाई परिचालन गर्न सकिन्छ, सकिन्थ्यो। कोभिड-१९ को पहिलो लहर फैलिरहँदा त्यसको नियन्त्रणको लागि गरिएको बन्दाबन्दीको समयमा प्राय सरकारी कार्यालहरूसमेत बन्द हुन पुगे। त्यो बेला आमनागरिकले संक्रमण जोखिम नियन्त्रण, राहत वितरण, दैनिक गुजारा चलाउन नसक्ने नागरिकलाई सहयोग, सङ्क्रमितहरूको व्यवस्थापन, जनचेतना

अभिवृद्धि, अलपत्र नागरिकहरूको उद्दार तथा व्यवस्थापन लगायतका यावत् विषयहरूमा तथा कोभिड-१९ को दोस्रो लहर फैलिंदा अक्सिजन व्यवस्थापनजस्ता विषयमा राष्ट्रसेवकको क्रियाशीलताको अपेक्षा गरेका थिए। हरेक राष्ट्रसेवक र उनीहरू कार्यरत सङ्गठनले कोभिड-१९ को पहिलो र दोस्रो लहर व्यवस्थापनमा देखिएका कमी कमजोरीहरू तथा सफलताहरूबाट पाठ सिकी सम्भावित तेस्रो लहरको जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि अहिलेदेखि नै कार्ययोजना बनाई कार्य गर्नुपर्दछ। विपद् तथा महामारीको प्रकृतिअनुसार क्रियाशील हुनुपर्ने तथा अग्रभागमा खटिनुपर्ने मन्त्रालय, सार्वजनिक निकाय तथा राष्ट्रसेवकहरू फरक परे तापनि हरेक सार्वजनिक निकाय त्यसमा क्रियाशील हुनुपर्दछ। कोभिड-१९ को आकस्मिक कार्यमा सहभागी हुनु नपर्ने राष्ट्रसेवकहरू उच्च व्यवस्थापकीय क्षमता प्रदशन गर्दै सङ्क्रमणको जोखिमबाट बच्दै आफ्ना नियमित र विकासात्मक कार्यहरू यथावत् रूपमा सुचारु राख्नुपर्दछ र आवश्यक परेमा कोभिड-१९ महामारीसँग सम्बन्धित आकस्मिक कार्यमा खटिन सँधै तयारी अवस्थामा बस्नुपर्दछ। अर्कोतर्फ कस्ता किसिमको विपद्को प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुननिर्माण लगायतका कार्यमा कुन र कस्ता सार्वजनिक निकाय मुख्य जिम्मेवार हुने तथा अन्य निकायले सहयोगीको भूमिका कसरी निर्वाह गर्ने भनी स्पष्ट संरचनात्मक र कानुनी व्यवस्था गरेको खण्डमा राष्ट्रसेवकहरूको परिचालनमा सहयोग पुग्ने देखिन्छ। त्यस्ता संरचनाको माध्यमबाट नै महामारीको सामना गर्दा अझ बढी प्रभावकारी हुने र भविष्यमा आइपर्ने महामारीसँग जुध्नसमेत त्यस्ता संरचना मजबुत हुँदै जान सक्दछन्।

विगतमा झै महासङ्कटको यस घडीमा कालोबजारी गर्ने, शुल्क वृद्धि गर्ने लगायतका विकृति पनि बढेका छन्। यसलाई नियन्त्रण गर्न राष्ट्रसेवक कर्मचारीहरूको भूमिका रहन्छ। धेरै सार्वजनिक प्रशासनका अवयवहरू अन्तरसम्बन्धित छन्। अन्तरसरकारी निकाय समन्वय हुँदैन भनेर राष्ट्रसेवक कर्मचारीहरूले विगतमा धेरै आलोचना खेप्नुपरेको थियो। यस महामारीको घडीमा सबै राष्ट्रसेवक कर्मचारीहरू मिलेर समन्वयात्मक तवरले जुटियो भने यो महामारी मात्र होइन भविष्यमा आउने हरेक विपद्को सामनासमेत गर्न सकिन्छ। महामारीको फाइदा उठाउँदै गरिने हरेक प्रकारका गैरकानुनी क्रियाकलाप, अपराध, सामाजिक विभेदजस्ता विकृतिलाई निस्तेज पार्न राष्ट्रसेवक थप सक्रियताका साथ जिम्मेवारीपूर्वक खटिनुपर्दछ। कोभिड-१९ को सङ्क्रमणसँगै स्वास्थ्यकर्मी राष्ट्रसेवकहरू जसरी आफ्नो व्यक्तिगत जीवनको प्रवाह नगरी दिनरात खटिएका छन्, उनीहरूको मनोबल बढाउन तथा सबै राष्ट्रसेवकहरूसँगै जनसेवामा छौं भनेर अनुभूत गराउन अन्य कर्मचारीहरू पनि तोकिएको आफ्नो कार्यजिम्मेवारी पूरा गर्न खटिनुपर्दछ। यस्तो समयमा नागरिकको जीवन सहज बनाउनका लागि आवश्यक अति सामान्य लाग्ने कुराहरूलाई पनि अत्यन्तै महत्त्व दिँदै राष्ट्रसेवकले उच्च व्यवस्थापकीय क्षमता प्रदर्शन गर्न सक्नुपर्दछ।

नागरिक समाज, सहकारी क्षेत्र, निजी क्षेत्र, विकास साझेदार, अन्तर्राष्ट्रिय समुदायसमेतको विश्वास जित्ने गरी अर्थतन्त्र पुर्नउत्थानका लागि आवश्यक स्रोत र साधनको व्यवस्थापन तथा त्यसको समुचित प्रयोग गर्न राष्ट्रसेवक कर्मचारीहरू विशेष रूपमा सचेत भई कार्य गर्नु गराउनुपर्दछ। राष्ट्रसेवक कर्मचारीहरू जिम्मेवार र जवाफदेही बन्न सकेको खण्डमा स्वास्थ्य र शिक्षामा हरेक नागरिकको सहज र सरल पहुँच कायम हुन सक्दछ। भौतिक, आर्थिक, सामाजिक लगायतका विकासका हरेक आयामहरूमा सुधार गर्न सहज हुन्छ। कोभिड-१९ ले रोकिएका आयोजनामा कुशलतापूर्वक स्रोत व्यवस्थापनको माध्यमबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी लागतअनुसार लाभ प्राप्त हुने गरी सम्पन्न गर्न गराउन, अर्थतन्त्र उकास्ने कार्य वातावरण बनाउन, वैदेशिक लगानी भित्र्याउन, वैदेशिक सहायताको समुचित प्रयोग गर्न गराउन, महामारीले निम्त्याएका लैङ्गिक हिंसा लगायत सामाजिक विभेद कम गर्नसमेत राष्ट्रसेवक कर्मचारीहरूले भूमिका खेल्नुपर्दछ। महामारीबाट भएको क्षतिलाई परिपूरण गर्नका लागि सम्पूर्ण राष्ट्रसेवकहरू आमनागरिक, नागरिक समाज, सहकारी क्षेत्र, निजी क्षेत्रसँग मिलेर सहउत्पादन तथा सहनिर्माण लगायतका कार्यमा जोड दिनुपर्दछ। राज्यले उद्योग व्यापार व्यवसाय आफै गर्ने पनि होइन न त राज्यले समाजलाई जीवनचक्र सहायता (Life Cycle Support) नै गर्ने हो। ती बाहिर रहेर राज्यले गर्ने भनेको सुशासन कायम, वातावरण सिर्जना गरिदिने तथा आर्थिक उद्योग व्यापार वा पेसा व्यवसायको खेलमा रेफ्रीको भुमिका निर्वाह गरिदिने हो। ति सुशासनकर्ता, रेफ्री भनेका राष्ट्रसेवक कर्मचारीहरू हुन्। राज्यले राष्ट्रसेवकको माध्यमबाट प्रत्येक नागरिकलाई उत्पादन गर्न, सङ्घर्ष गर्न उत्प्रेरित गर्नुपर्दछ। त्यसको लागि राष्ट्रसेवकले आफूलाई विश्वासयोग्य अवस्थामा राखिराख्नुपर्दछ। उद्योगधन्दालाई विस्तार गरी प्रविधियुक्त बनाई उत्पादन र उत्पादकत्व बढाउन, कृषिमा व्यावसायीकरण गर्न, पर्यटनको गाउँसम्म विस्तार गर्न, अल्पकालीन र दीर्घकालीन रोजगारीका क्षेत्रहरू पहिचान गरी रोजगारी र स्वरोजगारीको अवसरहरू स्वदेशमा नै सिर्जना गर्न राष्ट्रसेवक कर्मचारीले कठिन मेहनत गर्नुपर्ने समय कोभिड-१९ ले निम्त्याएको छ । युनडिपीले नेपालमा हालसालै गरेको एक अध्ययनले अनौपचारिक तथा औपचारिक क्षेत्रमा कार्यरत प्रत्येक पाँच जना व्यक्तिमध्ये तीन जनाले रोजगारी गुमाइरहेको देखाएको छ। सरकारलाई उपलब्ध स्रोतसाधनको कुशलतापूर्वक परिचालनमार्फत तत्कालै सिर्जना गर्न सकिने रोजगारीका नयाँ नयाँ क्षेत्र सुझाउनु पनि अहिलेको अवस्थामा राष्ट्रसेवकको दायित्व हो। राष्ट्रिय योजना आयोगले हालसालै सार्वजनिक गरेको प्रतिवेदन अनुसार ४९ लाख ८० सङ्ख्या अर्थात् १७.४ प्रतिशत नेपाली बहुआयामिक गरिबीको रेखामुनि रहेको देखिन्छ। महामारीलाई बैलैमा नियन्त्रणमा राख्न सकिएन भनै हजारौं नागरिक गरिबीको रेखामुनि धकेलिने निश्चित छ। राष्ट्रसेवक कर्मचारीहरूले यस्ता नागरिकलाई सम्झेर कार्य गर्नुपर्दछ। यस्ता नागरिकलाई जीवनयापनका आधारभूत विषय पूर्ति गर्न दृढसङ्कल्पित भएर लाग्नुपर्दछ। कुनै सिकायत,

गुनासो गर्नुपूर्व यस्ता नागरिकको दैनिकी र जीवनस्तर स्मरण गर्न सकियो भने जिम्मेवार र जवाफदेही भएर कार्य गर्ने प्रेरणा स्वतः प्राप्त हुन सक्दछ।

अनियोजित विकासमा राज्यको स्रोतसाधन खेर जान नदिन तथा त्यसको कुरूप चित्र समयमा नै नियन्त्रण गर्न, कमजोर विकास खर्चमा सुधार गर्न र ऋणको भार घटाई सार्वजनिक जवाफदेहिता र कठोर आर्थिक अनुशासनको माध्यमबाट सार्वजनिक प्रशासन र लोकतन्त्रप्रति जनताको विश्वास बढाउनसमेत अब ढिला नगरी लाग्नुपर्ने देखिन्छ। सार्वजनिक खरिद ऐन, नियमले महामारीलाई विशेष परिस्थितिको रूपमा समेत परिभाषित गरेकोले उच्च सदाचारिता कायम गरी प्रतिस्पर्धा, स्वच्छता, इमानदारी, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन तथा लागतअनुसार अत्युत्तम लाभ प्राप्त गर्न वित्तीय अनुशासन कायम हुने गरी कार्य गर्नु गराउनु राष्ट्रसेवक कर्मचारीहरूको महत्त्वपूर्ण दायित्व हो। महालेखापरीक्षकको कार्यालयको ५८ औँ वार्षिक प्रतिवेदनका अनुसार गत विगतका वर्षभन्दा हाल बेरुजु रकम बढेको देखिन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा (२) त मा प्रचलित कानुनबमोजिम पुर्‍याउनु पर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको वा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको रकम नै बेरुजु हुने परिभाषित गरेकोले बेरुजु नआउने गरी कार्य गर्नु गराउनुपर्दछ। अर्कोतर्फ कानुनले नै लेखा उत्तरदायी अधिकारीको रूपमा राष्ट्रसेवक कर्मचारी रहने व्यवस्था गरेको र राज्यको स्रोत राष्ट्रसेवकको माध्यमबाट परिचालन हुने हुँदा त्यस विषयमा विशेष ध्यान दिनुपर्दछ।

आयात तथा विप्रेषणमुखी अर्थतन्त्र रहेको हाम्रो जस्तो देशमा राष्ट्रिय आयले साधारण खर्च मात्रै मुस्किलले धान्ने र पुँजीगत खर्चका लागि वैदेशिक तथा आन्तरिक ऋणमा नै निर्भर हुनुपर्ने अवस्था रहेकोले नियमित चालु खर्चमा मितव्ययिता अपनाउँदै पुँजीगत खर्चको अत्युत्तम उपयोगमार्फत सार्वजनिक खर्च व्यवस्थापनमा समेत राष्ट्रसेवकको भूमिका रहन्छ। "जोगाउनु भनेको कमाउनु हो" भन्ने ठानेर हरेक राष्ट्रसेवक मितव्ययी बन्ने प्रण गर्नुपर्दछ। आफ्नो कार्यालयमा हुने अनावश्यक खर्चलाई स्वयम् पहिचान गरी त्यसलाई रोक्न तत्पर हुनुपर्दछ। अर्कोतर्फ कोभिड-१९ महामारी कुन बिन्दुमा गएर टुङ्गिने हो अनुमान गर्न नसकिने भएकोले स्रोत र साधनको कुशल परिचालनमार्फत कोभिड-१९ नियन्त्रण र रोकथामको कार्य र विकासका क्रियाकलाप समानान्तर रूपमा अगाडी बढाउने दायित्वसमेत राष्ट्रसेवकको नै हो।

महामारीमा सूचना सम्प्रेषणसमेत महत्त्वपूर्ण रहन्छ। सही सार्वजनिक सेवा प्रसारण गर्न, सूचना सम्प्रेषण गर्ने कार्यमा समेत कर्मचारीको भूमिका रहन्छ। प्रविधिको प्रयोग गरी सेवा प्रवाहको गुणस्तर बढाउने, नागरिककेन्द्रित कार्यशैलीको अवलम्बन गर्ने, सदाचार र नैतिकतालाई प्रथामिकता दिने, सङ्गठनात्मक मूल्यलाई लोककल्याण र परोपकारसँग जोड्ने, नवप्रवर्तनचालित सरकार, डिजिटल शासन लगायतको माध्यमबाट सुशासनको सुचक्र सिर्जना हुने गरी कार्य गर्न राष्ट्रसेवक कर्मचारीहरू लाग्नुपर्दछ। यसले

भौतिक उपस्थितिमा प्रदान गर्नुपर्ने सरकारी प्रक्रियामा सरलीकरण हुन जाने र नागरिकहरूको पहुँचमा असाधारण सुधार गर्दछ। यो सुशासनको महत्त्वपूर्ण कडीसमेत हो।

भौगोलिक विविधता, समथर तराई, अग्ला पहाड तथा हिमालहरूका कारण नेपाल जति सुन्दर छ त्यति नै प्राकृतिक विपद्को त्रासमा रही आएको छ। भौगोलिक हिसाबले अत्यन्त कान्छो भूभाग नेपाल जलवायु परिवर्तनका दृष्टिकोणले पनि अत्यधिक संवेदनशील क्षेत्रमा पर्दछ। नेपालको ८० प्रतिशत जनसङ्ख्या विपद् जोखिममा रहेको अध्ययनले देखाएको छ। समग्र विपद् जोखिमका हिसाबले नेपाल विश्वमा २० औं, जलउत्पन्न जोखिममा ३० औं, भुकम्पीय जोखिमका दृष्टिले ११ औं र जलवायु परिर्वतनजन्य विपद् जोखिमका हिसाबले चौथो स्थानमा पर्छ। गृह मन्त्रालयले वर्षेनी प्रकाशन गर्ने विपद् जोखिम प्रतिवेदनका अनुसार विभिन्न विपद्का कारण बर्षेनी करिब १ हजार जनाको मृत्यु हुने गरेको छ। जसका कारण ६ लाखभन्दा बढी मानिस प्रभावित हुने गरेका छन् भने रु. २ अर्बभन्दा बढीको व्यक्तिगत सम्पत्ति मात्रै क्षति हुने गरेको देखिन्छ। नेपाल सरकारले गरेको अध्ययनअनुसार प्रत्येक वर्ष जलउत्पन्न विपद्का कारण मात्रै कुल ग्राहस्थ उत्पादनको १.५ देखि २ प्रतिशत रकम बराबरको आर्थिक क्षति हुने गरेको छ। विश्व बैंकले गरेको अध्ययनले २०१५ को महाभूकम्पको कारण थप २.५ देखि ३.५ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि धकेलिएको देखाउँदछ भने पुननिर्माणको लागि मात्रै राज्यले ८ खर्बभन्दा बढीको लगानी गर्नुपरेको देखिन्छ। कोभिड-१९ महामारीबाट पाठ सिकी सम्पूर्ण राष्ट्रसेवकहरू यस्ता प्राकृतिक र गैरप्राकृतिक विपद् व्यवस्थापनका लागि आवश्यक नीतिगत, कानुनी, संरचनात्मक, कार्यविधिगत, व्यवस्थापकीय, कार्यशैलीगत र स्रोतगत प्रबन्ध गर्न सम्बन्धित सरोकारवालालाई घच्घच्याउन तथा स्वयम् आफू तयारी अवस्थामा रहन सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू तत्पर रहनुपर्दछ।

पहिले शासन आदेश, निर्देशनमुखी हुन्थ्यो। प्रशासकहरू शासन गरेर सेवा दिन्थे, नियन्त्रणमुखी सोच राख्दछन्, अल्पज्ञानको जमातहरू हुन, जनताको माग र अपेक्षाअनुरूप राज्यबाट वितरण हुने सेवा वितरण गर्न सक्दैनन्, नवपर्वतनको कमी रहेको भन्ने आरोप पनि लाग्ने गर्दथ्यो। अब क्रमशः सेवा दिएर, जनचाहनाअनुसार शासन गर्नुपर्दछ भन्ने मान्यता स्थापित हुँदै गएको छ। वास्तवमै अहिले राष्ट्रसेवक कर्मचारीहरू रक्षात्मक अवस्थामा रहेका छन्। आलोचना र समालोचनाबाट राष्ट्रसेवक कर्मचारीहरू विचलित हुनुहुँदैन। कोभिड-१९ महामारीले समेत धेरै राष्ट्रसेवकका कमी कमजोरी तथा सकारात्मक पक्षालाई समेत उजागर गरिदिएको छ। हरेक विषयलाई सिक्ने र सुध्रिने अवसरको रूपमा लिनुपर्दछ। कर्मचारीतन्त्रमा सुधार वा समग्र शासकीय प्रबन्धमा गरिने नवीन प्रयोग र सुधार अभियानमा नेपाल अहिलेसम्म अर्ली एडप्टर हुन सकेन भन्ने मत धेरैको रहेको छ। सार्वजनिक प्रशासनप्रति औंल्याइएका कमी कमजोरी सच्याउने दायित्वसमेत राष्ट्रसेवक कर्मचारीहरूको नै हो। यसर्थ समग्र राष्ट्रसेवक कर्मचारीले आफूलाई लागेका आरोपहरू खण्डित हुने गरी, देशको शासन प्रणालीसँग लय मिल्ने गरी जनचाहनाअनुसार कार्य

गर्नका लागि महामारीको यस घडीलाई रूपान्तरणको मार्ग तथा प्रस्थानबिन्दु बनाउन सक्नुपर्दछ। अब फेरि कोभिड-१९ महामारीले सिकाएको पाठ बिर्सन नदिन र प्रणालीबद्ध तवरले समग्र सार्वजनिक प्रशासनको रचनात्मक विनिर्माण (Creative Reconstruction) गरी यसलाई सक्षम र अब्बल बनाउने अवसर छ। यसका लागि राष्ट्रसेवक कर्मचारीको भूमिका अहम् छ। यी र यस्ता विषयले सम्पूर्ण राष्ट्रसेवकहरूलाई जनताको प्रियतम (Darling of the People) बनाउन सफल हुन सक्दछ भने उनीहरूको मुटु छुन (Touching Heart) र मन जित्न (Winning mind) सकिन्छ।

वैदेशिक रोजगारी, विज्ञान, प्रविधि लगायतले पनि अहिले सम्पूर्ण विश्वलाई नजिकैबाट मूल्याङकन गर्न सक्ने अवस्था सिर्जना भएको छ। त्यसैका कारण होला नेपाली जनमानसमा तीव्र विकासको आकाङ्क्षा रहेको छ भने उपलब्ध स्रोत साधनमा सीमितता छ। पछिल्लो मानव विकास सूचकाङ्क प्रतिवेदनले नेपाल अल्पविकसित देशबाट विकासशील देशमा स्तरोन्नति हुन तयार भएको देखाएको छ । संविधानको परिकल्पना, संविधानप्रदत्त हक अधिकारको सुनिश्चितता, राज्यको नीति तथा निर्देशक सिद्धान्तको पालना, अन्तर्राष्ट्रिय प्रतिबद्धता, दिगो विकास लक्ष्य लगायतलाई मध्यनजर गरी विकासशील राष्ट्रबाट नेपाललाई समुन्नत बनाउन लाग्नुपर्ने देखिन्छ। कोभिड-१९ ले रोकेको विकास र समृद्धिको गतिलाई सार्वजनिक स्रोत र साधनको कुशलतापूर्वक परिचालन गरी राष्ट्रिय अन्तर्राष्ट्रिय अनुभवको आधारमा नेपाललाई समुन्नत बनाउनका लागि राष्ट्रसेवक कर्मचारीको भूमिका अहम् रहेको छ।

सबैभन्दा ठुलो कानुन स्वनियमन, सदाचार र नैतिक मूल्य नै हो । जसरी कठिन परीक्षा पास गरेर अब्बल व्यक्तिले निजामती सेवामा प्रवेश प्राप्त गर्दछन् । त्यो अब्बलता व्यावसायिकता, गतिशीलता, सिर्जनशीलताको माध्यमबाट थप निखार्दै लानुपर्दछ । यो नै स्वच्छ, सक्षम, निष्पक्ष राष्ट्रसेवकको चिनारी हो। सुशासन, सबल, सक्षम तथा उच्च व्यवस्थापकीय क्षमतासहितको सार्वजनिक प्रशासन निर्माण गर्न सकेको खण्डमा अहिलेको कोभिड-१९ महामारी लगायतका हरेक विपद्लाई दृढतापूर्वक सामना गर्न सकिन्छ। समयको गतिसँगै ज्ञान र धारणाको सीमा परिवर्तन भइराखेको हुन्छ। यसलाई आत्मसात् गर्न राष्ट्रसेवकहरू सक्षम हुनुपर्दछ। पूर्वीय सभ्यतामा स्वर्ग वा रामराज्यको स्वरूपसँग मिल्ने आदर्श शासन दिने पात्र भनेका नै राष्ट्रसेवक कर्मचारीहरू हुन्। हरेक राष्ट्रसेवक कर्मचारीले दैनिक घरमा गएर सोचौं मैले आज कति जना आमनागरिकलाई सरल र सहज तवरले सेवा प्रदान गरें, परिवर्तनको सुरुवात त्यहाँबाट नै हुन्छ। राष्ट्रसेवक कर्मचारीहरू प्रश्न गर्ने होइन, उत्तर दिने ठाउँमा रहन्छन्। भविष्यको आविष्कार गर्ने महान् कामको लागि उपयुक्त अवसर पनि चाहिन्छ। यस्ता महामारी त्यो अवसर सिर्जना गर्ने माध्यम बन्न सक्दछन्।

हजुरआमाले दिनुभएको आशीर्वादको आन्तर्य तथा कहानी, बुबाले दिनुभएको उत्तर लगायत समग्र सार्वजनिक प्रशासनका अनुत्तरित प्रश्न क्रमशः उत्तरित हुँदै गइरहेका छन्। विज्ञानसम्बद्ध प्रविधि, प्रविधि सम्बद्ध

अर्थनीति, अर्थनीतिमा आधारित राजनीति, इमानदार, कुशल, सक्षम तथा प्रतिबद्ध राजनैतिक नेतृत्व, असल सार्वजनिक प्रशासन र सार्वजनिक सेवा नै राज्य सम्पन्न हुने द्योतक रहेछन् भन्ने कुरा उजागर हुँदै गइरहेको छ। विकसित भनिएका मुलुकहरू फराकिला सडक, अग्ला महल वा अनगिन्ती कलाकारखाना मात्रै बनाएर सम्पन्नशालीको पङ्क्तिमा उभिएका होइन रहेछन्। उनीहरू अति सामान्य लाग्ने कुराहरूलाई पनि अत्यन्तै महत्त्व दिएर सकेसम्म सहज बनाउन ध्यान दिँदा रहेछन् र पो ती विकसित भएका रहेछन्। यी सबै विषयमा पर्दापछाडीबाट होस् वा अगाडीबाट यसमा परिचालित हुने पात्र भनेका राष्ट्रसेवक कर्मचारीहरू नै हुन्। सबै राष्ट्रसेवकले आफ्नो असीम दायित्व र भूमिकालाई हृदयङ्गम गरी कोभिड-१९ महामारी विरुद्ध जनताको मन जित्ने गरी कार्य गरेको खण्डमा सङ्कटमाथि विजय मात्र होइन भविष्यको सुन्दर मार्गदिशा कोर्ने अवसरसमेत प्राप्त हुन सक्दछ। भनिन्छ, हजार माइलको यात्रा एक पाइलाबाट नै सुरु हुन्छ, हरेक ठुलो योजनाको थालनी सानै विन्दुबाटै हुन्छ। अब सम्पूर्ण राष्ट्रसेवकहरू मिलेर कोभिड-१९ महामारीसँग जुध्दै विकास र समृद्धिको यात्रालाई गति प्रदान गर्ने कि?